का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ८४
❐ २९ बैशाख २०७७, सोमबार
❐ 11 May 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ११० जना | ३१ जना | १६८१८ | १६४ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४१ लाख ३१ हजार | १४ लाख ५५ हजार | २ लाख ८१ हजार | २३ लाख ९५ हजार |



**सच्चियो ट्वीट**: चिनियाँ सरकारी सञ्चार माध्यम सीजीटीएनले यस अगाडि सगरमाथा चीनमा पर्ने ट्वीट सच्याएको छ। सीजीटीएनले सगरमाथा चीन–नेपालको सीमानामा पर्ने उल्लेख गरेको छ। *तस्बिर : सीजीटीएन*

# संसदमा संकल्प प्रस्ताव

## नेपालको भूमिभित्र कुनै गतिविधि नगर्न परराष्ट्रमन्त्रीको आग्रह

■ सीमा अतिक्रमणमा बक्तव्य मात्रैले पुग्दैन: देउवा ■ भारतसँग छलफल गर्न महामारी अन्त्य नकुरौं: नेता नेपाल

**नेपाली भूमि लिपुलेक अतिक्रमण गरी भारत सरकारले चीन जोड्ने सडक बनाएको विरूद्धमा संघीय संसदमा अत्यन्त जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख।

संघीय संसदमा भारतले नेपाली भूमि लिपुलेक अतिक्रमण गरी सडक बनाएको विरोधमा संकल्प प्रस्ताव दर्ता भएको छ। सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संघीय सांसदहरु गणेश ठगुन्ना, दिपकप्रकाश भट्ट, रामकुमार झाक्री, रामकुमारी झाक्री, जीवनराम श्रेष्ठ र यज्ञबहादुर बोगटीले संकल्प प्रस्ताव दर्ता गराएका छन्।

सुगौली सन्धी, विभिन्न तथ्य र प्रमाणका आधारमा नेपालको भूभाग भएको देखिए पनि भारतले सडक बनाएकोमा विरोधमा संकल्प प्रस्ताव दर्ता गराएका छन्। संघीय संसदमा सांसदहरुले पनि नेपाली भूमि अतिक्रमण गरी बनाइएको सडकबारे सरकारको जवाफ माग गरेका छन्। सांसदहरुले देशको सीमा जोगाउन एक ठाउँ उभिनुपर्ने पनि धारणा राखेका छन्।



प्रतिनिधिसभा र राष्ट्रियसभा सभामा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सरकारले नेपालको भूमिभित्र कुनै गतिविधि नगर्न भारत सरकारसँग आग्रह गरेको बताए। परराष्ट्रमन्त्री ज्ञवालीले सीमा समस्याको कूटनीतिक समाधान खोज्न भारत सरकारसँग आग्रह गरे।

नेपालको भूमिभित्र भारतले सडक निर्माण गरेको विषयमा सरकारले कूटनीतिक माध्यामबाट समाधान खोज्न तथा नेपालले राष्ट्रिय हितलाई सर्वोपरी राखेर छिमेकीसँग सुमधुर सम्बन्ध बनाउन चाहेको पनि प्रष्ट पारे। "सुगौली सन्धिमा हामीले जहाँ हस्ताक्षर गर्‍यौँ, हामीले त्यही भूमि खोजेका हौँ, हामीले बढी खोजेका होइनौँ, कोभिड-१९ को सङ्कटका अवस्थामा भारतको यस कदमले दुःखित तुल्याएको छ", मन्त्री ज्ञवालीले भने।

मन्त्री ज्ञवालीले भारतले एकपक्षीयरूपमा सीमा हेरफेर गरेको विषय नेपाललाई मान्य नभएको समेत बताए। "नेपालको वर्तमान सीमा सुगौली सन्धिले बाँकी पृष्ठ २ मा

## बजेटको प्राथमिकता

# रोजगारी र कृषि क्रान्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ बैशाख

सरकारले आगामी आर्थिक बर्षको बजेटका प्राथमिकता र सिद्धान्त पेश गरेको छ। आईतबार प्रतिनिधिसभामा अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन विधेयकका सिद्धान्त, प्राथमिकता पेश गरेका हुन्।

उनले बजेटका प्राथमिकता र सिद्धान्त पेश गर्दै सरकारले कोरोनाबाट अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै सरकारले अगाडि सारेको आर्थिक विकास, सुशासन तथा समृद्धिको मार्गलाई अगाडि बढाउने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिबद्धता जनाए। उनले संविधानप्रदत्त नागरिकको मौलिक हक कार्यान्वयन गर्दै विकास, सुशासन, समृद्धिको यात्रामा प्राप्त भएको उपलब्धि एवं नागरिकलाई गुणस्तरीय एवं प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नेतर्फ सरकारले विशेष ध्यान गएको बताए।

भविष्यमा आउन सक्ने विपद्सँग जुध्न सबल स्वास्थ्य संस्थाको स्थापनालाई केन्द्रमा राखेर कोरोनाले पारेको प्रभाव न्यून गर्दै अर्थतन्त्रलाई थप गतिशील बनाउन बजेट प्रभावकारीरूपमा परिचालन गर्ने लक्ष्य राखिएको उनले स्पष्ट पारे। उनले कोरोना नियन्त्रणका क्रममा प्राप्त भएको अन्तर र्राष्ट्रिय ऐक्यबद्धालाई उपयोग गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत साधन उपयोग गर्दै निजी क्षत्रेलाई समेत मौद्रिक उपकरण तथा राहतका विभिन्न प्याकेजमार्फत समस्याको समाधान गर्ने विश्वास व्यक्त गरे।

यस्तै अर्थमन्ती खतिवडाले आगामी आर्थिक वर्षको बजेटमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतालाई पूर्णरूपमा कार्यान्वयन गर्दै सुशासनको क्षेत्रमा विशेष योजनाका साथ बाँकी पृष्ठ २ मा

आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता र सिद्धान्त सम्बन्धी विधेयक प्रस्तुत गर्दै अर्थमन्त्री युवराज खतिवडाले महामारीबाट पुगेको असर न्यूनीकरण, रोजगारी सिर्जना र कृषि क्रान्तिमा केन्द्रित हुने जनाएका छन्।



# ३१ संक्रमित निको भए

## ■ संक्रमित संख्या ११०

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख

आइतबार नेपालमा एक जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार, उदयपुर, भुल्केका ४३ वर्षीय महिलामा सङ्क्रमण देखिएको हो।

उनका अनुसार ती महिलाको विराटनगरको कोशी अस्पतालको प्रयोगशालामा परीक्षणका क्रममा सङ्क्रमण देखिएको हो।

यससँगै नेपालमा ११० जनामा कोभिड-१९ को सङ्क्रमण देखिएको छ। ती सङ्क्रमितको अवस्था सामान्य र स्वास्थ्यकर्मीको सम्पर्कमा रहेको उनले बताए। संक्रमित मध्ये ३१ जना बिरामी निको भएर घर फर्किसकेका छन्। बिहीबार भोजपुरका ३५ वर्षीय पुरुष निको भएर घर फर्किएका छन्।

विश्वभर महामारीका रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणले नेपालमा संक्रमित निको भइरहे पनि विदेशमा भने मृत्यु हुने नेपालीको संख्या ७८ पुगेको छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए), स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ५१ जनाको मृत्यु भएको छ।

संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको संख्या १५ पुगेको छ। समितिका अनुसार न्युयोर्कमा १२, कोलोराडोमा दुई र भर्जिनियामा एक जनाको मृत्यु भएको हो। यस्तै संयुक्त अरब इमिरेट्स (युएइ) मा ६ तथा आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्डस, बहराइन र स्वीडेनमा एकएक जनाको कोरोना भाइरसका कारण ज्यान गएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिए।

कोरोना भाइरसका कारणले निधन हुनेमा यो हप्ता थप पाँच जनाले ज्यान गुमाएका हुन्। ज्यान गुमाउनेमा बेलायतका दुई तथा स्वीडेन, बहराइन र युएईका एकएक थपिएका छन्। संयोजक डा सापकोटाका अनुसार नेपालबाहेक विश्वभर पाँच हजार ४७२ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित छन्। संक्रमितमध्ये दुई हजारभन्दा बढी नेपाली कोरोना भाइरसबाट मुक्त भएको अनुमान सो समितिले गरेको छ। सापकोटाका अनुसार विदेशमा रहेका नेपाली समुदायमा कोरोना भाइरस संक्रमणको गति गत साताभन्दा कम हुँदै गएको छ।

विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सकको समूहले तयार पारेको सो आँकडानुसार नौ देशमा गैरआवासीय नेपालीको ज्यान गएको छ भने बाँकी २० देशमा रहेका नेपाली कोरोना भाइरसबाट संक्रमित छन्। स्वास्थ्य समितिका अनुसार कतारमा दुई हजार तीन सय, अमेरिकामा एक हजार पाँच सय, बेलायतमा एक हजार, बहराइनमा २४५, युएइमा १४९, नेपालमा १० ९, कुवेतमा ७८, मलेसियामा ४९, साउदी अरबमा ३०, पोर्चुगलमा २६, आयरल्याण्डमा २२, स्पेन र अष्ट्रेलियामा १२-१२, जापान र क्यानडामा १०-१०, बेल्जियममा छ, स्विट्जरयाण्डमा पाँच, जर्मनी र फिनल्याण्डमा चारचार, साइप्रस र न्युजिल्याण्डमा तीनतीन, माल्दिभ्स, माल्टा र हङ्कङ्गमा दुईदुई तथा म्यानमा र फ्रान्समा एकएक गैरआवासीय नेपालीलाई कोरोना संक्रमण भएको छ। यो साता फिनल्याण्ड र स्वीडेन (एक मृत्यु) मा नेपालीमा नयाँ संक्रमण देखिएको एनआरएन, कोडिभ -१९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए।

## विदेशबाट फर्किएकाहरुलाई

# बजेटले रोजगारीका नयाँ कार्यक्रम ल्याउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ बैशाख

अर्थमन्त्री डा. युवराज खतिवडाले कोरोना भाइरस (कोभिड-१९) का कारण वैदेशिक रोजगारीबाट फर्केका र फर्कन सक्ने थप नेपाली युवाहरुलाई कृषि, साना घरेलु तथा सेवा क्षेत्रमा रोजगारीका लागि उत्प्रेरित गर्ने कार्यक्रम ल्याउने बताएका छन्। प्रतिनिधिसभामा आइतबार आगामी बजेटका सिद्धान्त र प्राथमिकताका विषयहरू पेश गर्दै मन्त्री खतिवडाले उक्त जानकारी दिएका हुन्।

रोजगारीका लागि सीपमुलक तालिम दिएर वैदेशिक रोजगारी गुमाएका युवाहरुहरुलाई उत्पादनमुलक काममा जोड्न सकिने अर्थमन्त्री डा. खतिवडाको भनाइ छ। उनले भने, 'कोरोना भाइरसको महामारीका कारण गन्तव्य मुलुकहरुमा आर्थिक शिथिलता आई वैदेशिक रोजगारीबाट फर्किने युवाहरुलाई रोजगार दिन र स्वरोजगार बढाउन कृषि, साना उद्योग र घरेलु उद्योगमा जोड दिनुका साथै सबै नागरिकलाई उत्पादनमा जोड दिई श्रमिक हितलाई उच्च प्राथमिकतामा राखिने छ।'

मन्त्री खतिवडाले आगामी जेठ १५ गते संसदमा आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि बजेट पेश गर्ने तयारी गरिरहेका छन्। तर बेरोजगारी समस्या समाधानका लागि नेपाल सरकारले विगतमा ल्याएका कार्यक्रमहरुले नेपालको बढ्दो बेरोजगार समस्यालाई समाधान गर्न सकिरहेको छैन।

नेपालमा प्रत्येक वर्ष ५ लाखको हाराहारीमा नयाँ युवा युवती श्रम बजारमा रोजगारी खोज्दै आउने गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा चालु आर्थिक वर्ष १३ लाख युवा युवती बेरोजगारका रुपमा दर्ता भएका छन्।

करिब २१ लाख नेपाली वैदेशिक रोजगारीका लागि खाडी तथा मलेसियासहितका मुलुकहरुमा रहेको अनुमान छ। ती मुलुकहरुमा आएको आर्थिक मन्दीले हाल अनुमान नगरिएका लाखौं नेपालीले पनि रोजगारी गुमाउने आशंका छ।

संघीय संसद प्रतिनिधिसभाको छैठौं अधिवेशनको उद्घाटनका अवसरमा गत शुक्रबार आफ्ना धारणा राख्दै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई आर्थिक वर्ष ०७७/०७८को बजेटले रोजगारी सिर्जनामा विशेष ध्यान दिनुपर्ने बताएका थिए।

५० देखि ६० लाखको संख्यामा नेपालको श्रम शक्ति विदेशमा रहेको र खाडी मुलुकमा आउने समस्याका कारणले ठूलो संख्यामा विदेशमा रहेका नेपाली फर्किन सक्ने भन्दै बाँकी पृष्ठ २ मा




## साउदीमा आवास छोडे चर्को जरिवाना

**काठमाडौं/मस**– साउदी अरबले कुनैपनि कामदार तोकिएको आफ्नो आवासभन्दा बाहिर बसेमा ५० हजार रियाल जरीवाना गर्ने बताएको छ। साउदी अरबको आन्तरिक मामिला मन्त्रालयले गत शुक्रबार एक निर्देशन जारी गर्दै कुनै पनि कामदारहरु आफ्नो आवासभन्दा बाहिरका आवासीय भवन वा बन्दै गरेका भवनहरु, इस्तारा वा फार्महरुमा भेला भएको पाइएमा साउदी रियाल ५० हजारसम्म जरिवाना गर्ने जनाएको छ।

निर्देशनको अवज्ञा भएमा जरिवाना थप हुँदै जाने र अन्य सजायसमेत हुने उक्त निर्देशनमा उल्लेख छ। यो रकम नेपाली कामदारहरुका लागि कल्पनाभन्दा बाहिरको अंक हो। हाल दुई वर्षको करार र भिसा लिएर जाने कामदारहरुले प्रति महिना १ हजारका दरले दुई वर्षमा २४ हजार रियाल मात्र कमाउने गरेका छन्। बाँकी पृष्ठ २ मा

# चिनियाँ नागरिक १० दिन हिरासतमा

**काठमाडौं/मस-** प्रहरीमाथि हातपात गर्ने चार जना चिनियाँ नागरिकलाई १० दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रशासनले अनुमति दिएको छ । आइतबार जिल्ला प्रशासन कार्यालय काठमाडौंले उनीहरुलाई १० दिन हिरासतमा राखेर अनुसनधान गर्न प्रहरीलाई अनुमति दिएको हो ।



‘दश दिन हिरासत राख्ने अनुमति पाएका छौं,’ महानगरीय प्रहरी परिसर काठमाडौंका एसएसपी श्याम ज्ञवालीले भने । सिंहदरबारको मुख्य गेट अगाडि प्रदर्शन गर्ने क्रममा प्रहरीलाई हातपात गरेको आरोपमा उनीहरु पक्राउ परेका थिए । पक्राउ परेका अन्य ४३ जनालाई भने प्रहरीले रिहा गरिसकेको छ ।

उनीहरु घर जान पाउनुपर्ने माग राख्दै ‘वी वान्ट टु गो ब्याक होम’ लेखेको प्लेकार्ड बोकेर निषेधित क्षेत्र तोडी सिंहदरबारतर्फ आएका थिए । उनीहरूले प्रहरीको लाठी खोसेर प्रहरीलाई नै हिर्काएका थिए । त्यसको जवाफमा प्रहरीले पनि उनीहरूमाथि लाठी हानेको थियो ।

सोही क्रममा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतसहित पाँच प्रहरी र छ चिनियाँ घाइते भएका थिए । पर्यटन राहदानीमा घुम्न आएका ती चिनियाँ ठमेलबाट रानीपोखरी, रत्नपार्क हुँदै सिंहदरबारतर्फको निषेधित क्षेत्रतर्फ आएका जनाइएको छ ।

त्यहीक्रममा भद्रकालीतर्फबाट ३५ जनाभन्दा बढी चिनियाँ नागरिकको समूह आएर सिंहदरबारभित्र प्रवेश गर्न खोजेको थियो । उनीहरू पृथ्वीनारायण शाहको सालिक कटेर अघि बढ्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो । त्यहीक्रममा प्रहरीसँग झडप भएको हो ।

झडप हुँदा महानगरीय प्रहरी वृत्त सिंहदरबारका डिएसपी हरिबहादुर बस्नेत घाइते भएका छन् । उनको टाउकोमा गम्भीर चोट लागेको छ । धर्नामा नियन्त्रण गर्न पुगेका उनलाई प्रदर्शनकारीले सडककिनारमा राखिएका गमला उठाएर टाउकोमा प्रहार गरेका थिए । प्रदर्शनकारी अनियन्त्रित हुन थालेपछि प्रहरीले धरपकड गरेको हो । प्रहरीले ४७ चिनियाँ नागरिकलाई पक्राउ गरी प्रदर्शनीमार्गस्थित नगर प्रहरी कार्यालयमा राखेको थियो ।

# भारतीय सेना फिर्ता लैजान समाजवादी काँग्रेसको माग



**काठमाडौं/मस-** नेपाल समाजवादी कांग्रेसले नेपाली भूभाग लिपुलेक, लिम्पियाधुरा कालापनी क्षेत्रबाट भारतीय सेना तत्काल फिर्ता हुनुपर्ने बताएको छ । आइतबार पार्टीका अध्यक्ष गोविन्द निरौलाको अध्यक्षतामा केन्द्रीय कार्यालय बानेश्वरमा बसेको केन्द्रीय समितिको बैठकले भारतले नेपाली भूमि अतिक्रमण गरेकोप्रति आपत्ती जनाउँदै त्यहाँ रहेका भारतीय सेनाहरु तत्काल फिर्ता लैजान भनेको हो ।

बैठकमा पार्टीका सचिव मानबहादुर गुरुङले भारतले नेपाली भूमि अतिक्रमण गरेको घटनाले देशको सार्वभौमीकतामाथि चोट पुऱ्याएकोले राष्ट्रिय स्वाधिनताको प्रस्ताव पास गरेको जानकारी गराए ।

त्यस्तै उक्त बैठकले बारा जिल्लाको सीमा क्षेत्रमा रहेको नेपालको प्रहरी कार्यालयमा भएको आक्रमणप्रति दुःख व्यक्त गरेको छ । साथै बैठकले सिंहदरबार अगाडि नै चिनियाँ नागरिकहरुबाट भएको ज्यादतीले समेत देशको सार्वभौमिकतामाथि चोट पुऱ्याएको भन्दै दुःख व्यक्त गरेको छ ।

कोरोना महामारीको नाममा जनतालाई घरभित्र थुनेर वर्तमान सरकार राज्यविरुद्धको अपराधमा लागेको बैठकको निष्कर्ष रहेको सचिव गुरुङले जानकारी दिए । उनले प्रधानमन्त्री केपी शर्मा ओली सरकारको विघटन गरेर राष्ट्रिय सरकारको निर्माण गर्न आवश्यक रहेको बैठकको ठहर भएको समेत बताए ।

त्यस्तै बैठकले लकडाउनका कारण घर आउन नपाएर सीमामा अलपत्र परेका नेपाली जनता तथा खाना खान नपाएर भोक भोकै परेका नेपाली नागरिकहरुलाई उचित व्यवस्थापन गर्न पनि सरकारसँग माग गरेको छ ।

## महाराजगञ्ज नगरपालिकाद्वारा सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री वितरण



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २८ बैशाख

कपिलवस्तु जिल्लाको महाराजगञ्ज नगरपालिकाले नगरक्षेत्रमा कोरोना भाइरस रोकथामको लागि अहोरात्र खटिएका सुरक्षाकर्मीलाई स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ । कोरोनाविरुद्धको अभियानमा अग्रपंक्तिमा खटिएका सुरक्षाकर्मीलाई मास्क, सेनिटाइजर साबुनलागतयका सामग्री हस्तान्तराण गरिएको हो ।

मेयर अब्दुल कलाम खान र प्रदेश सभाका सामाजिक विकास समितिका संयोजक दीर्घ नारायण पाण्डेयले संयुक्तरुपमा सुरक्षाकर्मीलाई सो सामग्री हस्तान्तरण गरेका थिए । सुरक्षाकर्मीहरुको लागि एन नाएण्टी फाइभ मास्क २०४ थान, सर्जिकल मास्क १५ सय थान, सेनिटाइजर २०४ थान तथा साबुन उपलब्ध गराइएको थियो ।

सो अवसरमा मेयर कलामले कोरोनाविरुद्धको अभियानमा अग्रपंतिमा खटिएका सुरक्षाकर्मीलाई सहजताकालागि सो सामग्री प्रदान गरिएको बताए । यस्तै संयोजक पाण्डेयले कोरोना संक्रमण विरुद्धको अभियानमा असुरक्षित रुपमा खटिएका सुरक्षाकर्मीलाई अब डियुटी गर्न सहज हुने विश्वास व्यक्त गरे ।

सो अवसरमा सशस्त्र प्रहरी निरीक्षक विकास थापाले सुरक्षाकर्मीलाईसमेत स्वास्थ्य सामग्री प्रदान गरिएकोमा नगरपालिकालाई धन्यवाद दिँदै यसले अब काम गर्न सहज हुने बताए । यसैबीच सीमामा अलपत्र परेका ६ सय बढीलाई नगरपालिकाले खान, चिउरालागतयका सामग्रीसमेत वितरण गरेको छ ।

# संस्कृत पढाउने निर्णयको कतारबाट विरोध

**विनोद थापामगर/मध्यान्ह**
कतार, २८ बैशाख

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरि राजमणि पोखेल अध्यक्ष रहेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को गत माघ २ गते बसेको बैठकको संस्कृत विषयलाई २०७७ को शैक्षिक सत्रदेखि कक्षा १ मा पठनपाठन थाल्ने र आवश्यक परे सबै तहका कक्षामा पठनपाठन सञ्चालन गर्ने बारेको निर्णय प्रति सम्पूर्ण आदिवासी जनजातिहरूको प्रतिनिधिमूलक साझा संगठन नेपाल प्रवासी आदिवासी जनजाति महासंघ कतारले विरोध जनाएको छ ।

सो महासंघले शनिबार एक प्रेस वक्तव्य जारी गर्दै नेपालको संविधान, मौजुदा कानून र परिवर्तनको बर्खिलाप शिक्षा मन्त्रालय र त्यस अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले संस्कृत विषयलाई मात्रै काखी च्यापेर मृतप्रायः संस्कृत भाषालाई सबै भाषी विद्यार्थीहरूमाथि जबर्जस्ती लाद्ने र एकल जातीय-नश्लीय-भाषिक पक्षपोषण गर्ने गराउने यसखाले कदमप्रति महासंघ कतार घोर निन्दा व्यक्त गर्दछ भनेको छ ।

वक्तब्यमा भनिएको छ, ‘संविधानमा व्यवस्था भए बमोजिम माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको सरकारको अधिकार क्षेत्रमा रहेको प्रष्ट हुँदाहुँदै संघ केन्द्रको पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले चालेको कदम र गरेको कार्य असंवैधानिक समेत रहेको महासंघ कतारको ठहर छ ।’ महासंघले कोरोना भाइरस (कोभिड-१९)ले गर्दा नेपालीले लकडाउनको सास्ती खेपिरहेको बेला विरोध नहोस् भन्ने बदनियत र षड्यन्त्रपूर्वक ढङ्गले यस विभेदकारी

“नेपाल आदिवासी जनजाति महासंघद्वारा सम्बन्धन प्राप्त”
नेपाल प्रवासी आदिवासी जनजाति महासंघ
Nepal Non-Resident Federation of Indigenous Nationalities
दोहा, कतार (स्था.: २००६)

कदम चालिएको समेत ठहर गर्दै नेपाल सरकार, सम्बन्धित शिक्षा मन्त्रालय, संसदको शिक्षा तथा खेलकुद समितिले अविलम्ब यो विभेदकारी कार्य सच्याउनका लागि पहलकदमी लिन र स्वयं पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदबाट यो कार्य रोक्न विशेष आग्रह गरेको छ ।

वक्तव्यमा अगाडि भनिएको छ, ‘नेपालका बोलिने सबै मातृभाषा तथा रैथाने भाषाहरूमा पठनपाठन गर्न गराउन पाउनु संविधान, कानून, नेपाल सरकारले अनुमोदन गरेको र पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूले प्रत्याभूत गरेको भाषिक मानवअधिकारको सवाल हो । कुनै एउटा भाषा त्यो पनि सरकारले सदिऔं देखि राज्यको ढुकुटी खर्चेर पनि जो मृतप्राय छ र वक्ता संख्या नगन्य छ त्यस संस्कृत भाषालाई मात्रै फेरि पनि शाहीकालीन, राणाकालीन र अझ पञ्चायती शासन व्यवस्थामा झैं पक्षपोषण गरिनु भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको धज्जी उडाइनु हो । तसर्थ, संविधान, आदिवासीको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७,शिक्षा ऐन २०२८ (संशोधन २०७५)को स्पिरिट बमोजिम नेपालमा बोलिने सबै रैथाने मातृ भाषाहरूको पाठ्यक्रम, पाठ्य पुस्तक तयार गर्न गराउन र पठनपाठनको व्यवस्था गर्न गराउन संघ, प्रदेश र स्थानीय तहको सरकारलाई ३७ प्रतिशत आदिवासी जनजातिहरूको तर्फबाट विशेष आग्रह गर्दछौं ।’

संघीय लोकतान्त्रिक शासन व्यवस्थामा पनि एउटा अमूक भाषालाई मात्रै पक्षपोषण गर्ने गराउने कार्य नरोकिए नेपालका आदिवासी जनजाति लगायत सबै मातृभाषीहरूले कडाभन्दा कडा कदम चाल्न बाध्य हुने स्मरण गराउँदै वक्तव्यमा यसबाट उत्पन्न हुने जुनसुकै परिस्थितिको जिम्मेवार स्वयम् नेपाल सरकार र सम्बन्धित निकाय हुने पनि जिकिर गरिएको छ ।

वक्तव्य जारी गर्नेहरुमा नेपाल प्रवासी आदिवासी जनजाति महासघं कतारका अध्यक्ष शिव कुमार भुजेल, किरात याक्थुङ चुम्लुङ कतारका अध्यक्ष राजेन्द्र साम्याङखाम लिम्बु, तमु गुरुङ समाज कतारका अध्यक्ष भाइकाजी गुरुङ, किरात राई यायोक्खा शाखा कतारका अध्यक्ष बिमल राई, नेपाल प्रवासी तामाङ समाज कतारका अध्यक्ष धिरेन तामाङ,?थारु कल्याणकारिणि सभा च्याप्टर कतारका सभापति अर्विन्द्र चौधरी, सुनुवार सेवा समाज शाखा कतारका अध्यक्ष सामुयल सुनुवार, प्रवासी भुजेल सेवा समाज कतारका अध्यक्ष बिनोद भुजेल, नेपाली धनुक सेवा समाज कतारका अध्यक्ष राम कुमार मण्डल, शेर्पा किदुग सघं कतारका महासचिव मिङमार शेर्पा, नेपाल प्रवासी दनुवार समाज कतारका का.वा. अध्यक्ष बिछुलाल दनुवार र ताजपुरयिा समाज कल्याण परिषद कतारका अध्यक्ष रवि लाल ताजपुरिया रहेका छन् ।

# पत्रकार यादव पक्राउप्रति महासंघको ध्यानाकर्षण

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले वीरगन्जस्थित नयाँपत्रिका दैनिकका सम्वाददाता एवं सामुदायिक रेडियो नारायणी एफएममा कार्यरत पत्रकार तिवारी यादवलाई प्रहरीले पक्राउ गरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।




वीरगन्जको लिंकरोडस्थित एफएम स्टेशनको प्रवेशद्वार नजिकै सडकपेटीमा मोटरसाइकल पार्किङ गरेको निहुँमा आइतबार प्रहरीले पत्रकार यादवलाई लछारपछार गर्दै एफएम स्टेशनकै प्रवेशद्वारबाट पक्राउ गरी प्रहरी भ्यानमा राखेर जिल्ला प्रहरी कार्यालय लगेको आइतबार महासंघका महासचिव रमेश विष्टद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मोटरसाइकल पार्किङ गरेकै बहानामा स्वतन्त्र रुपमा काम गरिरहेका पत्रकारलाई पक्राउ गरिनु प्रेस स्वतन्त्रतामाथिको ज्यादती हुनुका साथै प्रचलित कानुनको समेत उपहास भएको महासंघको ठहर छ । विज्ञप्तिमार्फत महासंघले प्रहरी ज्यादतीको कडा शब्दमा भर्त्सना गरेको छ ।

घटनामा संलग्न प्रहरीमाथि कारबाही गर्न र पक्राउ परेका पत्रकारलाई अविलम्ब रिहा गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न तथा भयरहित पत्रकारिता गर्ने वातावरण निर्माण गर्न महासंघले सम्बन्धित निकायसँग माग गरेको महासचिव विष्टले जनाएका छन् ।

### संसदमा...

तय गरेको हो, सन् १८१६ को सन्धिले नै भारततर्फ नेपालको सीमा निर्धारित गरेको छ” मन्त्री ज्ञवालीले भने, “२०० वर्षको अवधिमा नेपालको सीमा प्रभावित बनाउने कुनै सन्धि भएको छैन ।”

सत्तारुढ नेकपाका विदेश विभाग प्रमुख एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले यसबारे छलफल गर्न महामारी अन्त्य कर्न नुहने बताएका छन् । आइतबार प्रेस बक्तव्य जारी गर्दै बरिष्ठ नेता नेपालले भारतीय कदमले नेपालको सार्वभौमकता र अखण्डतामाथि धावा बोलिएको उल्लेख गरेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले लिपुलेकबारेको पछिल्लो प्रकरण सम्बन्धमा सरकारलाई कूटनीतिक र राजनीतिकरूपमा उच्चस्तरीय पहलकदमी गर्न अपिल गरे । उनले आइतबार एक वक्तव्यमार्फत लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायत भूभाग नेपालकै भएको बताउँदै सरकारमा रहेका बेला होस् या प्रतिपक्षमा छँदा यी भूभागबारे काँग्रेसले सदैव प्रष्ट धारणा राख्दै र आवश्यक भूमिका निभाउँदै आएको स्पष्ट पारे ।

सन् २०१५ मेमा भारत र चीनका प्रधानमन्त्रीले लिपुलेकबारे बेइजिङमा सहमति गरेपछि काँग्रेसका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वको सरकारले दुवै देशका सरकारलाई ‘प्रोटेस्ट नोट’ पठाएर नेपालका तर्फबाट प्रष्ट धारणा र गम्भीर असहमति प्रकट गरे ।

### बजेटको....

काम गर्ने स्पष्ट पारेका छन् । र ाष्ट्रियसभाको आईतवारको बैठकमा बोल्दै उनले कोरोनाका कारण विश्व अर्थतन्त्र नै समस्यामा परेको तथ्य पेश गर्दै उनले कोरोनाका कारण स्थानीय तह थप क्रियाशील भएकाले सङ्घीयताको औचित्य थप स्पष्ट भएको समेत जानकारी दिए ।

विकास र सुशासनमा आगामी बजेटले जोड दिने र कोरोनाको महामारीले आर्थिक क्षेत्रमा परेको क्षतिलाई उकास्ने गरी योजनाबद्ध प्रयास गरिने उनको भनाइ छ । संविधानले कल्पना गरेको सामाजिक न्यायसहितको समाजवाद उन्मुख आर्थिक विकास गर्ने र स्वास्थ्य सेवा प्राथमिकता दिने तथा भविष्यमा आउन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने विषयलाई बजेटले सम्बोधन गर्ने उनले बताए ।

अर्थतन्त्रमा देखिएको सिथिलताको अन्त्य गर्न आर्थिक विकासलाई द्रुत गतिमा लैजान जरुरी रहेको स्पष्ट पार्दै अर्थमन्त्री डा खतिवडाले कोरोनाका कारण व्यवसायीलाई परेको असर न्यूनीकरण गर्न करमा सहुलियत दिने र मौद्रिक उपकरणमार्फत सहुलियत बढाउने स्पष्ट पारे । विकास आयोजनालाई रकम अभाव हुन नदिने तथा राजश्व प्रणालीलाई पारदर्शी र करको दायरा बढाउनेमा केन्द्रित गरिने, स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको र स्वास्थ्य बीमाको विस्तार गर्ने नीति बजेटले लिने सदनलाई जानकारी दिए ।

आधारभूत स्वास्थ्य सेवामा जोड दिने तथा दक्ष जनशक्ति बढाउनका लागि प्राविधिक शिक्षामा जोड दिने अर्थमन्त्री खतिवडाको भनाइ छ । वैदेशिक रोजगारीबाट फर्केकालाई देशभित्र रोजगारी दिने तथा साना तथा मझौला व्यवसायलाई विशेष प्राथमिकता दिने, रोजगारीको ग्यारेन्टी गर्ने तथा सीपमूलक तालिम र श्रमिकको आर्थिक हितसमेत बजेटले उच्च प्राथमिकतामा राख्ने बताए ।

उनले सामाजिक सुरक्षालाई एकीकृतरूपमा सञ्चालन गर्ने, आर्थिक क्षमताका आधारमा सो कार्यक्रम सञ्चालन गर्ने योजनामा सरकार रहेको स्पष्ट पार्दै उनले भूमि बैंकलाई प्राथमिकता दिने, बाँझो जग्गामा खेती गर्नेलाई प्रोत्साहनको नीति सरकारले लिने जानकारी दिए । भूकम्पपछिको पुनःनिर्माण आगामी आर्थिक वर्षमा सक्ने लक्ष्य राखिएको स्पष्ट पार्दै उनले लगानीको वातावरणलाई थप सहज बनाउने नीति तय गरिने बताए ।

### विदेशबाट...

पूर्व प्रधानमन्त्री डा. भट्टराईले वैदेशिक रोजगारीबाट एक चौथाई मात्रै नेपाली युवा घर फर्किए भने त्यो १५ लाख भन्दा कम नहुने भएकोले १५ देखि ३० लाख नेपालीका लागि थप रोजगारी सिर्जना गर्नुपर्ने गरी बजेट आउनुपर्ने माग गरेका थिए ।

आइतबार अर्थमन्त्री खतिवडाले आगामी बजेटले ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको बताएपनि कति रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको त्यो भने खुलाएनन् ।

### साउदीमा ...

तोकिएको स्थान भन्दा झुक्किएरपनि बाहिर जाने कामदारले जरिवाना समेत तिर्न नसक्ने देखिएको छ । साउदीस्थित नेपाली दूतावासले साउदी सरकारले जारी गरेको निर्देशनको विपरित हुनेगरी कुनै कार्य नगर्न नेपालीहरुमा अनुरोध गर्दै विज्ञप्ति जारी गरेको छ ।

गैर आवासीय नेपाली संघ साउदी अरबले नेपाली दूतावासका प्रतिनिधि सहभागी गराई साउदी अरबमा कोरोना भाइरसको संक्रमणले त्यहाँको नेपाली समुदायमामा परेको प्रभाव र यसका कारण परेका समस्या र त्यसको समाधानकाबारेमा छलफल आयोजना गरेको छ ।

आइतबार साँझसम्म साउदी अधिराज्यमा कोरोना भाइरसबाट संक्रमितको संख्या ३९ हजार ४८ पुगेको छ । त्यसमध्ये २ सय ४६ जना संक्रमितको मृत्यु भएको छ ।

**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७७/०१/२९ )**

यस कार्यालयबाट मिति २०७६/१२/०३ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निम्न ठेक्काका लागि रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको वोलपत्रदाताले पेश गरेको बोलपत्र सारभुत रुपमा प्रभावग्राही तथा न्युनतम मूल्यांकित समेत भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक प्रोभिजनल सम सहित (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | Contract ID No Rm 18-076/077 Construction & Upgrading of Hilepani Kushbaseri Road | एस.रामेछाप कन्स्ट्रक्सन प्रा.लि. रामेछाप-७, रामेछाप | रु. १,०२,०१,८९२/७२ |

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Sealed Quotations**

**Likhu Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Yasam, Okhaldhunga**

Invitation for Sealed Quotations for the **Construction and Installment of Wireless Internet Infrastructure**
Contract Identification No: LRM-BD-IT-01
Date of Publication: 2077/01/29

1. The Likhu Rural Municipality invites sealed quotations for the Construction and Installment of Wireless Internet Infrastructure in Likhu Rural Municipality coverage territory.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Likhu Rural Municipality, Office of the Rural Municipal Executive, Yasam Okhaldhunga**.
3. A complete set of Bidding Documents may be purchased from the **Likhu Rural Municipality, Office of the Rural Municipal Executive, Yasam Okhaldhunga** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 in the rajaswa (revenue) account as specified below till 2077/02/11 during office hours.
   **Name of the Bank:- Nepal SBI Bank Limited, Likhu Branch**
   **Name of Office:- Likhu Rural Municipality Yasam Okhaldhunga**
   **Aantarik Kharcha Khata No.:- 41525240600003**
4. Sealed bids must be submitted to the office **Likhu Rural Municipality, Office of the Rural Municipal Executive, Yasam Okhaldhunga** by on or before 12:00 Noon on 2077/02/12. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2077/02/12 at the office of the Likhu Rural Municipality Yasam, Okhaldhunga. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 45,000.00 (forty-five thousand only), which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning reason, whatsoever.

**Details of Works**

| S.N. | Contract ID No. | Description of Works | Estimated Amount (With VAT) | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | LRM-BD-IT-01 | Construction and Installment of Wireless Internet Infrastructure | NRs. 1,800,000.00 | NRs. 45,000.00 | |

**Chief Administrative Officer**

# प्राथमिकतामा पूर्वाधार निर्माण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ बैशाख

सरकारले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकता दिने बताएको छ । अर्थमन्त्री युवराज खतिवडाले आइतबार संघीय संसदका दुवै सदनमा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा खेलकुदका ठूला पूर्वाधार निर्माणलाई सरकारले प्राथामिकतामा राख्ने बताएका छन्। उनले राष्ट्रिय र क्षेत्रीय स्तरमा बनेको खेलकुदका ठूला पूर्वाधार सम्पन्न गर्ने लक्ष्य सरकारले राखेको उल्लेख छन् । अर्थमन्त्री खतिवडाले भने 'खेलकुदका निर्माणाधिन राष्ट्रिय र क्षेत्रीय स्तरका ठुला पूर्वाधार सम्पन्न गर्न प्राथामिकता दिईनेछ ।' बजेटका प्राथमिकता उल्लेख गर्दै सरकारले पूर्वाधार निर्माण र खेलाडीलाई प्रोत्साहीत गर्दै खेलकुद क्षेत्रको समग्र विकास गरिने बताएको छ ।



सरकारले जेठ १५ गते आर्थिक वर्ष २०७७-७८ को बजेट संसदमा पेश गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

# कहिल्यै शीर्ष स्थानमा नपुगेका स्टार क्रिकेटरहरु

**काठमाडौं, एजेन्सी-** टेस्ट क्रिकेटलाई अहिले पनि खास क्रिकेट भनिन्छ । टेस्टमा ब्याट्सम्यानको धैर्यताको परीक्षण हुने गर्छ । एउटा भनाई पनि छ 'यदि क्रिकेटरले टेस्टमा राम्रो प्रदर्शन गर्न सक्छ भने अरु जुनसुकै फरम्याटमा पनि राम्रो गर्न सक्छ ।' अहिलेसम्म विश्व क्रिकेटमा सफल टेस्ट क्रिकेटर भएर पनि कहिल्यै र्‍याङकिङ (वरियता) मा शीर्ष स्थानमा आउन भने सकेनन् ।







**डेमियन मार्टिन (अस्ट्रेलिया)**

अस्ट्रेलियाका पूर्व ब्याट्सम्यान डेमियन मार्टिनले आफ्नो टेस्ट करियरमा कहिल्यै पनि शीर्ष वरियता हासिल गर्न सकेनन्। टेस्ट करियरमा ६७ टेस्ट म्याच खेल्दा ४ हजार ४ सय ६ रन बनाए। यसबीचमा उनले १३ शतक तथा २३ अर्धशतक पनि बताए । उनको टेस्ट वरियतामा सर्वाधिक उच्च स्थान तेस्रो हो। जुन उनले सन् २००५ को मार्चमा हासिल गरेका थिए ।

**फाफ डु प्लेसी (दक्षिण अफ्रिका)**

दक्षिण अफ्रिकाका फाफ डु प्लेसीले टेस्टमा २०१२ मा डेब्यु गरेका थिए। अहिलेसम्म उनले ६५ टेस्ट खेलेका छन् । जसमा उनको ३ हजार ९ सय १ रन बनाएका छन्। यसबीचमा उनको ब्याटबाट ९ शतक र २१ अर्धशतक बनेका छन्। उत्कृष्ट खेलाडी प्लेसीले पनि अहिले सम्म टेस्ट क्रिकेटको वरियतामा शीर्ष स्थान हासिल गर्न सकेका छैनन् ।

**हर्सल गिब्स (दक्षिण अफ्रिका)**

दक्षिण अफ्रिकाका पूर्व खेलाडी हर्शल गिब्सले १९९६ मा टेस्टमा डेब्यु गरेका थिए । टेस्ट करियरमा ९० म्याच खेले। जसमा उनले ६ हजार १ सय ६७ रन बनाएका छन्। १४ शतक तथा २६ अर्धशतक लगाएका थिए । २२८ रन उनको उच्चतम स्कोर हो । तर उनी कहिल्यै पनि टेस्ट वरियताको शीर्ष स्थान हासिल गर्न सफल भएनन् ।

**ब्रेन्डन म्याकलम (न्युजिल्याण्ड)**

न्यूजिल्याण्डका पूर्व कप्तान ब्रेन्डन म्याकलम उत्कृट खेलाडी हुन् । टेस्टमा पनि एक दिवसीय जसरी ब्याटिङ गर्ने गरेका छन् । उनको नाममा टेस्ट क्रिकेटमा तेहोरो शतक पनि छ। १०१ टेस्ट म्याचमा उनले १२ शतक तथा ३१ अर्धशतक लगाएका थिए। यस्तै ४ वटा दोहोरो शतक पनि बनाएका म्याकलम कहिल्यै बरियताको शीर्ष स्थानमा पुगेनन् ।

**क्रिस गेल (वेस्टइण्डिज)**

क्रिस गेल टी २० क्रिकेटमा विस्फोटक ब्याट्सम्यानको रुपमा परिचित छन् । तर उनले टेस्ट क्रिकेटमा पनि उत्कृष्ट प्रदर्शन गरेका छन्। टेस्ट करियरमा १८२ पारिमा उनले ७ हजार बढी रन बनाए । १५ शतक बनाएका छन् । उनको नाममा २ तेहोरो शतक छ भने ३ पटक दोहोरो शतक पनि छ। तर उनी अहिलेसम्म उनी टेस्ट करियरमा शीर्ष पाँचको वरियतामा पनि आउन सकेका छैनन्। उनको सर्वाधिक वरियता १० औं स्थान हो ।

**जस्टिन लेंगर (अस्ट्रेलिया)**

जस्टिन लेंगर अहिले अस्ट्रेलिया टिमको प्रशिक्षक रहेका छन्। उनले टेस्ट क्रिकेटमा सन् १९९३ मा डेब्यु गरेका थिए । लेंगरले टेस्ट करियरमा १०५ म्याच खेलेका थिए । उनले ७ हजार ६ सय ९६ रन बनाएका थिए। २३ शतक र ३० अर्धशतक बनाए पनि उनी टेस्ट वरियतामा कहिल्यै शीर्ष स्थानमा आउन सकेनन् ।

**केभिन पिटरसन (इंग्ल्याण्ड)**

केभिन पिटरसनले २००५ को एशेजमा गरेको प्रदर्शन अहिले पनि चर्चा हुने गर्छ। उनले करियरमा १०४ टेस्ट म्याच खेल्दा ८ हजार १ सय ८१ रन बनाएक । २३ शतक र ३५ अर्धशतक लगाएका उनको २२७ रन उच्च स्कोर हो। उनको सर्वाधिक टेस्ट वरियता शीर्ष तीन थियो ।

**वीवीएस लक्ष्मण (भारत)**

भारतीय क्रिकेट टिमका मध्यक्रमका पूर्व ब्याट्सम्यान वीवीएस लक्ष्मण उत्कृष्ट टेस्ट क्रिकेटर हुन् । लक्ष्मणले अस्ट्रेलियाविरुद्ध २००१ मा २८१ रनको पारी खेलेका थिए। लक्ष्मणले करियरमा १३४ टेस्ट म्याच खेल्दै ८ हजार ७ सय ८१ रन बनाए । यसबीचमा उनको ब्याटबाट १७ शतक र ५६ अर्धशतक पनि बन्यो । करियरमा उनी सर्वाधिक सफल वरियता भने शीर्ष ६ मात्रा हो । यो उनले सन् २०११ मा हासिल गरेका थिए ।

**सनथ जयसूर्या (श्रीलंका)**

श्रीलकाका सनथ जयसूर्या एक दिवसीयका सफल खेलाडी मानिन्छन्। साथै उनी टेस्ट क्रिकेटका पनि उत्कृष्ट खेलाडी नै हुन् । उनले ११० टेस्ट म्याचमा ६ हजार ९ सय ७३ रन बनाए । १४ शतक ३१ अर्धशतक बनाएका थिए। २००५ मा उनी सर्वाधिक सफल वरियता भने शीर्ष तीन हात पारेका थिए । उनी कहिल्यै शीर्ष एकमा परेनन् ।

**ग्रीम स्मिथ (दक्षिण अफ्रिका)**

९ हजार भन्दा बढी रन बनाएका ग्रीम स्मिथले २७ शतक बनाएका छन्। उनको नाममा टेस्ट क्रिकेटमा ५ वटा दोहोरो शतक छ । तर उनी कहिल्यै शीर्ष १ मा आएनन् । ग्रीम स्मिथ विजयी भएको टेस्टमा सर्वाधिक १५ शतक बनाउने कप्तान पनि हुन् ।

उनले कप्तानको रुपमा सबैभन्दा धेरै ८ हजार ६ सय ५९ रन बनाएका छन् । उनले करियरमा सर्वाधिक सफल बरियता शीर्ष २ मात्रै हो। यो उनले सन् २०१० मा हासिल गरेका थिए । तर उनी शीर्ष एकमा पर्न भने सकेनन् ।

# पाकिस्तानमा फेरि थपियो लकडाउन

**इस्लामाबाद/एजेन्सी-** पाकिस्तानमा लागु हुँदै आएको लकडाउनको अवधि फेरि तीन हप्ताका लागि थप गरिएको छ । सरकारले यही मे ३१ तारिखसम्मका लागि लकडाउनको अवधि थप गरिएको घोषणा गरेको छ । तर व्यापार व्यवसायलाई सजिलो हुनेगरी केही खुकुलो व्यवस्था पनि गरिएको छ ।

सर्वसाधारणको धेरै भिडभाड नहुने ठाउँका लागि लकडाउनलाई खुकुलो बनाइएको सरकारले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। सूचनाका अनुसार अत्यावश्यक सेवाका पसलहरु हप्तामा पाँच दिन विहान ८ बजेदेखि बेलुका ५ बजेसम्म खेल्न दिइने भएको छ ।

पाकिस्तानमा कोरोनाभाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुनेको संख्या बढ्दै गइरहेकाले लकडाउनलाई निरन्तरता दिनु परेको सरकारी अधिकारीहरुको भनाइ छ । उनीहरुका अनुसार देशभरी गरेर अहिलेसम्म २९ हजारभन्दा बढी सङ्क्रमित भएका छन् भने पछिल्लो २४ घण्टामा मात्रै एक हजार ९९१ जना नयाँ विरामी थपिएका छन् ।

स्वास्थ्य मन्त्रालयले पछिल्लो २४ घण्टामा २१ जनाको मृत्यु भएको जानकारी दिएको छ । पाकिस्तानमा अहिलेसम्म कुल मृतकको संख्या ६३९ पुगेको छ । कोरोनाभाइरसका कारण विरामी भएका मध्ये आठ हजार २३ जनालाई भने निको भइसकेको अधिकारीहरुले जानकारी दिएका छन् ।

# कोरियामा बल्झियो कोरोना त्रास

**सियोल/एजेन्सी-** कोरोना महामारीको त्रास बढेको भन्दै दक्षिण कोरियाको राजधानी सियोलका सबै क्लब र बार बन्द गर्न सरकारले आदेश दिएको छ । कोरियाली राष्ट्रपति मून जाए-इनले कोरोना भाइरस संक्रमणको दोस्रो सिलसिला मुलुकमा देखिन थालेकाले त्यसप्रति सचेत रहन देशबासीलाई अपिल गर्नु भएको छ ।

भाइरस नियन्त्रणका सन्दर्भमा दक्षिण कोरियाले उदाहरणीय कार्य गरेको छ। तर राजधानी सियोलका मेयरले शनिबार रात्रिजीवनका लागि निकै प्रख्यात मानिएको इताओनमा नयाँ कोरोना भाइरस संक्रमित व्यक्तिहरु भेटिएसँगै नयाँ आदेश जारी गरेका छन् ।

गत सप्ताहान्तमा इताओनका पाँच वटा क्लब र बारमा पुगेका एक २९ वर्षीय पुरुषमा कोरोना संक्रमण देखिएको र उनीबाटै अरु ५० भन्दा बढी व्यक्तिमा कोरोना सरेको भेटिएको स्वास्थ्य अधिकारीहरुले बताएका छन् ।

सियोलका मेयर पार्क वोन-सूनले सानो असावधानीले संक्रमण व्यापक बन्न सक्छ भन्दै नगरपालिकाले जारी गरेको आदेश अनिश्चितकालका लागि लागू हुने बताए । सियोललाई घेरेको गियोङ्गी प्रान्तले पनि ५ हजार ७०० भन्दा बढी मनोरंजन केन्द्रहरु आइतबारदेखि लागू हुनेगरी दुई साताका लागि बन्द गरेको छ ।

इताओनका मनोरंजन केन्द्रहरुमा करिब ७ हजार २०० मानिस पुगेको स्वास्थ्य अधिकारीहरुले बताएका छन्। उक्त स्थानमा पुगेका सबै नागरिकलाई तत्काल स्वास्थ्य परीक्षणमा सहभागी हुन आग्रह गरिएको छ ।

आइतबार भेटिएका ३४ जना नयाँ संक्रमितमध्ये २४ जना इताओनका मनोरंजन स्थलहरुमा पुगेका व्यक्ति रहेका कोरियाली रोग नियन्त्रण तथा रोकथाम केन्द्र (केसिडिसी) ले जनाएको छ ।


**लिखु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**यसम, ओखलढुंगा**

**ठेक्का म्याद थप सम्बन्धी सूचना**

**सूचना प्रकाशन मितिः- २०७७/०१/२९**

प्रस्तुत विषयको सम्बन्धमा मिति २०७६/१२/०९ गते आइतबरका दिन भिजन नेपाल साप्ताहिक पत्रिकामा प्रकाशित ट्रेल ब्रिज स्टिल पार्ट्सको खरिदको लागि आह्वान गरिएको ठेक्का नं LRM/SQ/G/01/2076-77 अनुसार २०७६/१२/२३ गते सम्म बोलपत्र खरिद गरिसक्नुपर्ने र २०७६/१२/२४ गते अपरान्ह १२:०० बजे सम्म बोलपत्र बुझाउने अन्तिम म्याद रहेकोमा विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाईरस (COVID-19) को कारणले यथास्थितिमा राखिएको सो ठेक्का को बोलपत्र खरिद गर्नुपर्ने अन्तिम म्याद २०७७/०२/०३ गते सम्म र बोलपत्र बुझाउनुपर्ने अन्तिम मिति २०७७/०२/०४ गते अपराहन्नको १२:०० बजे सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७।०१।२९**

भूमे गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम तोकिएका विद्यालयहरुमा कम्प्यूटर ल्याब, स्मार्ट बोर्ड स्थापना र बाल मैत्री कक्षा व्यवस्थापन गर्न कम्प्यूटर, स्मार्ट बोर्ड र बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निचर लगायतका सामानहरु खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १-१ प्रति नोटरी प्रमाणित प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नु पर्नेछ ।
२. दरभाउपत्र फाराम वापत नगदै रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७७।०२।१२ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७७।०२।१६ गते दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।
३. पेश भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।
५. दरभाउपत्रसाथ कबोल अंकको २.५ प्रतिशत रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ३० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानत नगदै यस कार्यालयको धरौटी खातामा पनि जम्मा गर्न सकिनेछ ।
६. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।
७. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
८. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नस सकिनेछ ।

**तपशिल**

| ठेक्का नं. | विवरण | अनुमानित ल.इ. र कम (भ्याट समेत) | कैफियत |
|---|---|---|---|
| SQ01/GOODS/076/077 | कम्प्यूटर ल्याब सामाग्री तथा स्मार्ट बोर्ड ढुवानी तथा जडान | १,४००,०००।- | |
| SQ02/GOODS/076/077 | बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निसिङ तथा अन्य सामाग्री ढुवानी जडान | १,५००,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७/१ /२९**

यस कार्यालय अन्तर्गत संचालित क्रमागत खानेपानी तथा सरसफाई आयोजनाहरुको लागि आ. ब. २०७६।०७७ को स्विकृत बार्षिक विकास कार्यक्रमानुसार विभिन्न पम्प तथा प्यानल बोर्ड, विभिन्न एच.डि.पी. पाइप डि.आई पाइप, विभिन्न फिटिङ्स सामाग्रीहरु, जेनेरेटर आदि सप्लाई गर्न नेपाल सरकारबाट इजाजत प्राप्त व्यक्ति, फर्म, निर्माता कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी छुट्टा-छुट्टै शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र रु. ३०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट खरीद गर्न सकिने छ। बोलपत्र फारम खरीदको लागि निवेदन साथ बोलपत्र दाताको इजाजत दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्ने छ ।
२. बोलपत्रदाता आफै एच.डि.पी.पाइप उत्पादक कर्ता भएमा आफैले बोलपत्र खरिद गर्न पाउने र बोलपत्रदाता आफैले उक्त पाइप नबनाउने वा उत्पादन नगर्ने भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को उप-नियम ३ बमोजिम एच.डि.पी.पाईप आपूर्ति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार आफुलाई एकलौटी रुपमा रितपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्र दाताले बोलपत्र खरिद गर्दा पेश गर्नु पर्ने छ ।
३. खरिद गरेको बोलपत्र फाराम भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण, बोलपत्र दाताको फर्मको नाम, ठेगाना खोली शिलबन्दी बोलपत्र विक्री गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन अपरान्ह २:०० बजे यसै कार्यालयमा नियमानुसारको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रदाताले बोलपत्र पुस्तिकाको सबै पानामा सहीछाप गरेको हुनुपर्नेछ । दर रेट महलको अंक र अक्षर दुवैमा दर लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ ।
५. शिलबन्दी बोलपत्र साथ जमानत वापत तल उल्लेख भए अनुसारको रकम राष्ट्रिय बाणिज्य बैंक, भरतपुरमा रहेको धरौटी खाता नं. १३१०२०३००००० ख-३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बोलपपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तीमा १२० दिन म्याद भएको विडबण्ड प्रत्येक कार्यको लागी अलग अलग संलग्न हुनुपर्नेछ ।
६. शिलबन्दी बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः सो कार्यहरु गरिने छ ।
७. म्याद भित्र दर्ता हुन नआएको तथा रीत नपुगेको र कुनै सर्त राखी पेश भएको बोलपत्र उपर कारवाही हुने छैन ।
८. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
९. नेपाल सरकारको हितलाई ध्यानमा राखी शिलबन्दी बोलपत्र पत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने वा सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
११. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपसिल**

| बोलपत्र नं. | आयोजनाको नाम | जिल्ला | कामको विवरण | ल.ई.रकम (VAT बाहेक) | जमानत रकम |
|---|---|---|---|---|---|
| ३१/०७६-७७ | विभिन्न र खा.पा.आ.हरु | चितवन | डिजेल जेनेरेटर आपूर्ति कार्य | ४७९८५००.०० | १३६०००.०० |
| ३२/०७६-७७ | विभिन्न र खा.पा.आ.हरु | चितवन | डि.आई. पाइप तथा फिटिङ्स आपर्ति कार्य | ४४३४४७५.७६ | १२६०००.०० |
| ३३/०७६-७७ | विभिन्न र खा.पा.आ.हरु | चितवन, रसुवा, नुवाकोट | विभिन्न फिटिङ्स आपर्ति कार्य | ५१२४७६०.०० | १४५०००.०० |
| ३४/०७६-७७ | विभिन्न र खा.पा.आ.हरु | चितवन | एच.डि.पी.पाइप (PE-100) आपर्ति कार्य | ५२६२३८०.०० | १४९०००.०० |
| ३५/०७६-७७ | विभिन्न र खा.पा.आ.हरु | धादिङ्ग, रसुवा, नुवाकोट | एच.डि.पी.पाइप (PE-100) आपर्ति कार्य | ४७९६८४०.०० | १३६०००.०० |

**आयोजना प्रमुख**

### आगामी आवको बजेट

# विद्युत् व्यापारका लागि पूर्वाधार

**काठमाडौं/रासस–** सरकारले विद्युत् व्यापारका लागि थप पूर्वाधार तयार पार्ने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने भएको छ। कोरोनाका कहरका कारण चालू आर्थिक वर्षमा निर्माण सम्पन्न हुने चरणमा रहेका आयोजनासमेत पर धकेलिएको सन्दर्भमा आगामी आवमा ती परियोजनासमेत सम्पन्न हुनेछन् । चालू आवमा कूल एक हजार मेगावाट विद्युत् राष्ट्रिय प्रणालीमा थप हुने लक्ष्य राखिएको थियो । काम सञ्चालन हुने समयमा आइपरेको कोरोनाका कारण पर धकेलिएका आयोजनासमेत आगामी आवमा निर्माण सम्पन्न हुनेछन् । सरकारले विद्युत् व्यापारका लागि भारत र बङ्गलादेशसँग पहल गर्दै आएको छ ।



विद्युत् व्यापारका लागि न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने तयारी थालेको छ। नेपाल र भारतबीच ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण तथा लगानीको ढाँचाका विषयमा समेत टुङ्गो लगाइसकेको छ । आगामी आवदेखि नै नेपालको ऊर्जा क्षेत्रमा गुणात्मक परिवर्तन देखापर्ने र विद्युत् खेरसमेत जाने अवस्थालाई दृष्टिगत गरी सरकारले निर्यातका लागि पूर्वाधार निर्माणलाई प्रमुख प्राथमिकतामा राखेको हो। नेपाललाई आवश्यक पर्दा खरीद गरेर ल्याउने र बढी हुँदा निर्यात गर्ने लक्ष्यका साथ पूर्वाधारमा ध्यान दिन लागिएको हो।

सङ्घीय संसदमा आइतबार आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता र सिद्धान्त प्रस्तुत गर्दै अर्थमन्त्री खतिवडाले ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि बजेट परिचालन गरिने जानकारी दिएका हुन् । आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा रहेको ऊर्जा क्षेत्रलाई वर्तमान सरकारले शुरुआती चरणदेखि नै विशेष प्राथमिकतामा राख्दै आएको छ । तीन वर्षमा तीन हजार, पाँच वर्षमा पाँच हजार र १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको सरकारले अल्पकालीन योजनाको लक्ष्य भने पूरा हुने चरणमा पुगेको जनाएको छ। निर्माणका क्रममा मात्रै कूल तीन हजार ६०० मेगावाट क्षमताका आयोजना छन्। तीमध्ये झण्डै एक हजार ५०० मेगावाट क्षमताका आयोजना निर्माण सम्पन्न हुने चरणमा छन् ।

त्यस्तै, पाँचवर्षे लक्ष्यअनुसार कूल छ हजार मेगावाट क्षमताका आयोजना निर्माणका विभिन्न चरणमा छन्। सरकारले चीन र भारत जोड्ने ठूला क्षमताका प्रसारण लाइन निर्माणलाई जोड दिएको छ । रातमाटे-केरुङ प्रसारण लाइनको समेत विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । सो प्रसारण लाइनसमेत शीघ्र निर्माणमा जाने तयारीमा छ। सो आयोजना कूल ४०० केभीको हो ।

यस्तै सरकारको निरन्तर प्रयासका बाबजुत बङ्गलादेशले समेत नेपालमा लगानी गर्ने लक्ष्य राखेको छ । सन् २०४० सम्म नोलबाट नौ हजार मेगावाट विद्युत् लैजाने लक्ष्य राखेको बङ्गलादेशले भारतीय भूमि प्रयोग गरेरै भए पनि प्रसारण संरचना बनाउने र त्यसका लागि त्रिदेशीय सहमतिको पहल गरिरहेको छ । नेपालका तर्फबाट पनि विद्युत्को बजार खोज्ने क्रममा बङ्गलादेशसँग उच्च राजनीतिक तहमा समेत निरन्तर संवाद जारी छ । बङ्गलादेशले भारतीय लगानी रहने माथिल्लो कर्णालीबाट ५०० मेगावाट विद्युत् लैजाने सहमति गरिसकेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले विद्युत्को बजार खोज्न निरन्तर प्रयत्न गरिरहेका छन् ।


यस्तै आगामी आर्थिक वर्षमा अधिकतम जिल्ला र क्षेत्रमा पूर्ण विद्युतीकरण गर्ने लक्ष्यलाई समेत विशेष प्राथमिकतामा राखिएको छ। चालू आर्थिक वर्षमा कूल ४० जिल्लामा पूर्ण विद्युतीकरण गर्ने लक्ष्य राखेको भए पनि कोरोनाका कारण जटिलता पैदा भएको छ । प्रदेश नं २ मा भने कोरोनासँग जुधेरै भए पनि धेरैभन्दा धेरै स्थानमा विद्युत् पुर्‍याउने लक्ष्यका साथ काम भइरहेको छ ।

यस्तै विद्युत् सेवा नपुगेका कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा विद्युत् पुर्‍याउने लक्ष्य राखेको छ। विद्युत् आपूर्तिलाई भरपर्दो बनाई विद्युत्को आन्तरिक खपत बढाउन थप प्रोत्साहन गर्ने लक्ष्य राखेको सरकारले आगामी आवमा दिगो ऊर्जाको उपलब्धता र कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान दिने भएको छ । आधुनिक र स्वच्छ ऊर्जामा सबै नेपालीको पहुँच स्थापित गर्न शुरु गरिएका आयोजनाको कार्यान्वयनलाई तीव्र पार्ने छ ।

### उपत्यका नगरपालिका फोरमको घोषणा

# अब राहत होइन, रोजगारी

**काठमाडौं/मस–** लकडाउनका कारण समस्यामा परेकालाई आगामी दिनमा राहत सामग्री होइन, रोजगारी दिने उपत्यका नगरपालिका फोरमले जनाएको छ। विश्वभर फैलिएको कोभिड-१९ को सङ्क्रमणलाई नियन्त्रणका लागि सरकरले गत चैत ११ गतेदेखि नै लकडाउन गरेको छ । त्यसको प्रत्यक्ष असर श्रमिक वर्गमा परेको छ । श्रमिकको यस्तो समस्याको सहज समाधानका लागि फोरमले सङ्घीय सरकारले जारी राखेको लकडाउनलाई पालना गर्दै सक्षम जनशक्तिलाई श्रम र रोजगारीसँग जोड्दै अर्थतन्त्रलाई चलायमान बनाउने निर्णय गरेको छ ।



काठमाडौं उपत्यकाका दुई महानगर र १६ नगरपालिकाका प्रमुख-उपप्रमुखहरूको साझा संस्था नगरपालिका फोरमको बैठकले यस्तो निर्णय गरेको हो। नगरपालिका फोरमका अध्यक्षसमेत रहनुभएका काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले भने, "पछिल्लो समय सङ्घीय सरकारले लकडाउ केही खुकुलो बनाउने निर्णय गरेको छ।"

पछिल्लो समय राहत वितरणलाई भन्दा पनि परिश्रमअनुसारको र पारिश्रमिक प्रदान गरी सहयोग गर्ने फोरमले जनाएको छ । प्रमुख शाक्यले नेपाल सरकारले २०७७ वैशाख २६ गतेबाट लागू हुने गरी अत्यावश्यक उद्योग सञ्चालन गर्ने निर्णय गरेको भन्दै ती क्षेत्रहरू सञ्चालनमा सहजीकरण गर्दै लकडाउनलाई पालन गर्ने-गराउने निर्णय पनि बैठकमा भएको जानकारी दिए ।

केही दिनअघि मात्रै नगरपालिका फोरमका पदाधिकारीले कोभिड-१९ सम्बन्धी उच्चस्तरीय समन्वय समितिका संयोजकसमेत रहनुभएका उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलसँग भेट गरी उपत्यकाभित्र निर्वाध भित्रने कार्यलाई कडाइ गरी उपत्यकाभित्र भने लकडाउन केही खुकुलो बनाउनुपर्ने माग गरेको थियो । शनिबार बसेको फोरमको बैठकले यस किसिमको निर्णय गरेको हो । मध्यपुरथिमि नगरपालिकाका प्रमुख एवं नगरपालिका फोरमका सचिव मदनसुन्दर श्रेष्ठले पनि उपत्यकालाई सुरक्षित राख्न उपत्यका प्रवेशलाई कडाइ गर्दै उपत्यकाभित्रको गतिविधिलाई चलायमान बनाउने विषयमा सहजीकरण गर्ने सन्दर्भमा सकारात्मक रहेको जानकारी दिए।

भक्तपुरका स्थानीय तहमा काम लगाउने र सोहीअनुसारको पारिश्रमिक दिने कार्य शुरु गरिसको छ । लकडाउनका कारण धेरै कामहरू स्थगित गर्नुपरेको छ ती काम पनि सञ्चालन गर्ने र श्रमिकलाई आर्थिक सहयोग पनि गर्ने गरी यस किसिमको योजना तयार गरिएको हो । फोरमले यसअघि नै एक प्रदेशबाट अर्को प्रदेश, एक जिल्लाबाट अर्को जिल्ला र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा निर्वाधरूपमा आवतजावत गर्दा सङ्क्रमणको खतरा बढी हुने भन्दै त्यसो नगर्न आग्रह पनि गरेको थियो ।

# यथार्थमा आधारित बजेट ल्याउन सांसदको माग



**काठमाडौं/मस–** कोभिड-१९ का कारण मुलुकको अर्थतन्त्रमा नकारात्मक असर परेको, रोजगारीको अवसर गुमेको तथा वैदेशिक रोजगारीमा गएका समेत घर फर्कने वातावरण नभएकाले समग्र अवस्थालाई ध्यान दिइ आगामी आर्थिक वर्षको बजेट ल्याउन सांसदहरूले माग गरेका छन् ।

राष्ट्रियसभाको आजको बैठकमा आर्थिक वर्ष २०७७/७८ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) माथिको छलफलमा सहभागी हुँदै सांसदहरूले यथार्थमा आधारित बजेट अहिलेको प्रमुख आवश्यकता भएको बताए। कृषिमा आत्मनिर्भर हुने वातावरण कोरोनाले तयार पारेको भन्दै उहाँहरूले साना तथा मझौला उद्योगको प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास तथा स्वास्थ्य पूर्वाधारलाई प्राथमिकतामा राखी विपद्सँग जुध्ने कार्यक्रम जरुरी रहेको उनिहरुको भनाइ थियो ।

सांसद परशुराम मेघी गुरुङले बजेट जनताको जीविकासँग जोडिएको कानून र राजनीतिक दस्तावेज पनि भएकाले यसलाई प्रभावकारी कार्यान्वयन हुने गरी विषयवस्तु समेटिनुपर्ने बताए । उनले सबै राजनीतिक दलसँग आगामी बजेटमा समटेनिुपर्ने विषयबारे सरकारले लिखितरूपमै धारणा माग्नुपर्नेमा पनि ध्यानाकर्षण गराउनुभयो । विगतको अभ्यासमा बजेटमा राम्रा कुरा समावेश भए पनि कार्यान्वयन पक्ष फितलो हुने गरेको भन्दै आगामी बजेट महत्वाकाङ्क्षीभन्दा पनि कार्यान्वयनमुखी हुनुपर्ने बताए ।

सांसद रमेशजङ्ग रायमाझीले कोभिड-१९ को महामारीपछिको स्वास्थ्य क्षेत्रलाई सुधार गर्ने गरी बजेटले प्राथमिकता दिनुपर्ने बताए। पूर्वाधार क्षेत्रलाई विशेष प्राथमिकता दिएर राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र सम्पन्न गर्नेतर्फ बजेट केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

सांसद दिलकुमारी रावलले बजेटमा कृषि उत्पादनलाई प्रोत्साह गर्दै व्यवस्थित शहरीकरण, भूमि व्यवस्थापन र उपभोगसम्बन्धी विषयलाई समेटिनुपर्ने बताए । उनले कोभिडका कारण थलिएको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने, आन्तरिक पर्यटन विकासका कार्यक्रम प्राथमिकतामा राख्न पनि आग्रह गरे ।

सांसद कोमल वलीले अर्थतन्त्रलाई जीवन दिन, कृषि उत्पादन, पर्यटन उद्योगको पुनरुत्थान तथा उत्पादनशील क्षेत्रमा रोजगारी सिर्जना गर्ने किसिमका कार्यक्रम बजेट तथा नीति कार्यक्रममा सुनिश्चित हुनुपर्ने धारणा राखीन। सांसद शेरबहादुर कुँवरले कोभिडको महामारीबाट कसरी मुलुकलाई मुक्त गरी जनतालाई सुरक्षित तुल्याउने भन्नेतर्फ बजेटमा आवश्यक कार्यक्रम समेटिनुपर्ने बताए । उनले आर्थिकरूपमा कमजोर बनेको मुलुकको पर्यटन क्षेत्रलाई उकास्ने गरी नयाँ कार्यक्रम ल्याउन सुझाईन ।

सांसद तारादेवी भट्टले कोभिडका कारण धराशायी अवस्थामा पुगेको मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउने र उत्पादन क्षेत्रमा रोजगारी सिर्जना हुनेजस्ता विषयलाई बजेटमा समेट्न ध्यानाकर्षण गराउनुभयो। सांसद खिमकुमार विकले आगामी बजेटमा स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकामा राख्न तथा कृषि क्षेत्रलाई प्रोत्साहन गर्न आग्रह गरे । सांसद देवेन्द्र दाहालले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बोधन गर्ने गरी बजेट आउनुपर्ने बताईन ।

सांसद रामनारायण बिडारीले श्रमजीवी वर्ग, किसानको जीवनलाई सुखीमय बनाउने बजेट ल्याउन माग गरे । रोजगारी सिर्जना, कृषिजन्य, दुग्धजन्य तथा मासुजन्य वस्तुको उत्पादन, साना तथा घरेलु उद्योगलाई अनुदान दिने नीति ल्याउन माग गरे । राष्ट्रियसभाको अर्को बैठक यही वैशाख २९ गते बिहान ११ बजे बस्ने छ ।

# औद्योगिक क्षेत्रका उद्योगहरू खुल्न थाले



**सुर्खेत, रासस–** सरकारले लकडाउन खुकुलो बनाउँदै अत्यावश्यक वस्तु तथा सेवाका उद्योग सञ्चालन गर्न अनुमति दिएपछि वीरेन्द्रनगर औद्योगिक क्षेत्रका उद्योगहरू खुल्न थालेका छन् ।

वीरेन्द्रनगर औद्योगिक क्षेत्रका अनुसार यहाँका २७ मध्ये सात उद्योग सञ्चालनमा आएका छन् । वीरेन्द्रनगर औद्योगिक क्षेत्रका प्रमुख जीवनारायण बञ्जाडेले पानी, दूध, कुखुरापालन, काठसम्बन्धी उद्योगहरूले आंशिक उत्पादन शुरु गरेको बताए। "कच्चा पदार्थ आपूर्ति, मजदुर र यातायातको सुविधा नभएकाले सबै उद्योग सञ्चालन आउन सकेका छैनन्", उनले भने, "खुलेका उद्योगले पनि तत्काल कच्चा पदार्थ पाउन समस्या देखियो।" कच्चा पदार्थ ढुवानी र मजदुर आवतजावतमा समस्या भएकाले सहजरूपमा सञ्चालन हुने अवस्था नरहेको प्रमुख बञ्जाडेको भनाइ छ ।

राधाकृष्ण उड इन्डस्ट्रिजका सञ्चालक उद्यम बस्नेतले आफूले उद्योग खोले पनि अझै वातावरण सहज नभएको गुनासो गरे । कच्चा पदार्थ बाहिरबाट ल्याउनुपर्ने भएकाले उद्योग खोल्नुको मात्रै अर्थ नरहेको उनले बताए ।

छिमेकी जिल्ला बाँकेको नेपालगञ्जमा कोरोना सङ्क्रमण फैलिएपछि कर्णाली प्रदेश सरकारले एक साताका लागि प्रदेश सिल गरेको छ। जसले गर्दा यहाँका उद्योगले कच्चा पदार्थ ल्याउन पाएका छैनन् । सुर्खेत उद्योग वाणिज्य सङ्घका अध्यक्ष धनबहादुर रावतले अत्यावश्यकीय वस्तुबाहेकका अन्य मालसामानको उत्पादन गर्दा पनि बजारमा बेच्न सम्भव नरहेको बताए । हाल सरकारले खाद्यान्न, तरकारी र फलफूल पसल मात्रै खोल्न दिएको छ । अध्यक्ष रावतले उद्योग सञ्चालन सहजताका लागि जिल्ला प्रशासनका साथै प्रदेश सरकारसँग आफूहरूले छलफल गरिरहेको जानकारी दिए ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय बागबजार, काठमाडौं फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ